# विशाल नेपाल काव्यमा जातीय सांस्कृतिक चेतना

**डा. रजनी ढकाल, सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि**

rajanidhakal@yahoo.com / rajni.dhakal@cdn.tu.edu.np

https://orcid.org/0009-0002-4146-4373

**अध्ययनको सार**

वासुदेव त्रिपाठीको विशाल नेपाल काव्यमा केकस्तो जातीय सांस्कृतिक चेतना पाइन्छ भन्ने मूल समस्यामा आधारित प्रस्तुत अध्ययन सांस्कृतिक अध्ययनको सैद्धान्तिक आधारमा गरिएको विश्लेषण हो । गुणात्मक विधिमा रहेको प्रस्तुत अध्ययनमा विशाल नेपाल काव्यको विषयगत सन्दर्भसहित जातीय सांस्कृतिक चेतनाको विश्लेषणात्मक पर्याधारमा रही विश्लेषणात्मक र वर्णनात्मक लेखन गरिएको छ । नेपालको अस्तित्वको सुरुवाती समयदेखि अस्तित्वमा रहेका सम्पूर्ण जातजातिको एकताको भावना र यस देशको प्राकृतिक, भौगोलिक र सांस्कृतिक चेतनाले ती जातिमा उत्पन्न गरेको विशालबोधको भावनाले नेपाललाई एकसूत्रमा बाँध्न सकेको ऐतिहासिक तथ्य विशाल नेपाल काव्यमा प्रस्तुत गरिएको र जातीय सांस्कृतिक चेतनाका साथै राष्ट्रियता र देशभक्तिको भावनालाई यस काव्यले समेटेको अध्ययनको निष्कर्ष रहेको छ । नेपालको जातीय संस्कृतिको वैभवलाई ऐतिहासिक सन्दर्भका साथ प्रस्तुत गरिएको यो काव्य नेपालको इतिहास र यहाँका जातजातिको गरिमा र गौरवलाई एकसाथ प्रस्तुत गरिएको सुन्दर कृतिका रूपमा चिनाइएको छ । यस अध्ययनमा वासुदेव त्रिपाठी राष्ट्रप्रेमको केन्द्रीयतामा जातीय सांस्कृतिक चेतनालाई एक सुन्दर काव्यमा प्रस्तुत गर्न सक्षम कवि हुन् भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : इतिहासबोध, जातीयता, प्रतिनिधित्व, राष्ट्रियता, सांस्कृतिक पहिचान

Articles information : Manuscript Receive : 26/02/2022, Review Date : 24/08/2022, Date of Acceptance : 112/12/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.
DOI : https://doi.org/10.3126/tutaj.v10i1.74319
Journal Homepage : https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

वासुदेव त्रिपाठी (जन्म : १९९९, तनहूँ) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । साहित्यका कविता, निबन्ध, कथा तथा समालोचना विधामा कलम चलाउने त्रिपाठी मूलतः समालोचक हुन् । पाश्चात्य साहित्य सिद्धान्त र पूर्वीय साहित्य सिद्धान्तको आलोकमा नेपाली समालोचनाको खास प्रारूपको विकास गर्ने त्रिपाठी विश्वविद्यालयका चर्चित प्राध्यापक पनि हुन् । उनले नेपाली साहित्यका डेढ दर्जनभन्दा बढी कृतिहरूको रचना गरेका छन् ।

वासुदेव त्रिपाठी रोमान्टिक भावधाराका कवि हुन् । फुटकर कवितादेखि खण्डकाव्यसम्मको रचना गरेका त्रिपाठीमा लक्ष्मीप्रसाद देवकोटाले आरम्भ गरेको रोमान्टिक भावधाराका आलोकमा राष्ट्रिय र जातीय सञ्चेतनाको प्रखर चेतना पाइन्छ । प्रकृति, देशप्रेम, इतिहास, मायाप्रीति, पूराकथा, सामाजिक सांस्कृतिक सञ्चेतना र विश्वबोधका आलोकमा उनले नेपाली राष्ट्रिय जागरणको गायन गरेका छन् । सँगसँगै उनले नेपालको समाज, इतिहास र प्रकृतिका माध्यमबाट जातीय सञ्चेतनाका साथै जातीय जागरणको उद्घोष पनि गरेका छन् । यसै सन्दर्भमा *विशाल नेपाल* (२०६७) खण्डकाव्यमा उनले जातीय सांस्कृतिक सञ्चेतनालाई नेपालको स्थानीय सन्दर्भबाट चित्रण गर्ने काम गरेका छन् । नेपाली समाजको जातीय अवस्था, जातीय सम्मीलन र जातीय संस्कृतिका सन्दर्भबाट नेपाली समाजको चित्रण भएको छ । यस लेखमा विशाल नेपाल खण्डकाव्यमा प्रकट भएको जातीय सांस्कृतिक चेतनाको विश्लेषण गरिएको छ ।

**जातीय सांस्कृतिक चेतनाको सैद्धान्तिक सन्दर्भ**

अठारौँ र उन्नाइसौँ शताब्दीमा पश्चिममा जातीय सञ्चेतनाको अवधारणा सुरु भएको पाइन्छ । यो अवधारणा सर्वप्रथम जाति, राष्ट्र र जनजातीय समूह वा समुदायका सन्दर्भबाट आएको हो (केर, सन् २००६, पृ. २०६२) । जातीय सन्दर्भले जीवविज्ञान, भूगोल, मौसमको अवस्थाका आधारमा विभिन्न जातजातिहरू कसरी बन्छन् र तिनको छालाको रङ एवम् सक्षमताको प्रगति सभ्यताको यात्रामा कसरी भएको छ भन्ने कुरालाई हेर्दछ । जातका आधारमा सबै समूह र समुदाय एकै हुन् भन्ने मान्यताका आधारमा नै जातीय चेतनाको विकास भएको हो । आधुनिक राष्ट्रवाद अन्तर्गत चाहिँ नागरिक र सांस्कृतिक वा जनजातीय सन्दर्भबाट जातीय चेतना प्रकट भएको छ (केर, सन् २००६, पृ. २०६२) । डोबी (२०१२, पृ. २०९) ले चाहिँ फरकपना र भिन्नताका सन्दर्भमा जाति सन्दर्भ आएको कुरा बताएका छन् । उनका दृष्टिमा सोपानक्रमका आधारमा जनतालाई विभाजन गर्ने औपनिवेशिक मानसिकताबाट मुक्तिको अवस्थामा मात्र जातीय एकता र राष्ट्रियता साँचो अर्थमा प्रकट हुन्छ । वास्तवमा जातीय चरित्र अनुहारको विशेषता, छालाको रङ आदिका माध्यमबाट प्रस्तुत हुन्छ (स्कट र मार्सल, सन् २००९, पृ. ६२४) । यो नै जातिको जीववैज्ञानिक पक्ष हो । जाति उत्पत्तिको यो सिद्धान्त विपरीत समाजले सामाजिक संरचनाका आधारमा निर्माण गरेका जाति सिद्धान्तले समाजका विभिन्न समूहका बिचमा भिन्नता ल्याएको छ । यस्तो भिन्नता औपनिवेशिक कालमा शासन र शोषणको आधारका रूपमा विकसित भएको छ । यसरी औपनिवेशिक र सामाजिक समूहको विभाजनका विरुद्ध नै साहित्यमा पनि जातीय सांस्कृतिक चेतनाको विमर्श तयार भएको हो ।

साहित्यमा जातीय चेतनको सन्दर्भलाई औपनिवेशिक मान्यता र आलोचनात्मक जातीय सिद्धान्त (postcolonial and critical race theories) का आधारमा अध्ययन गरिन्छ । यस सिद्धान्तले जातीय, जनजाति र विभिन्न सांस्कृतिक समूहको सम्बन्धलाई पाठमा कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको परीक्षण गर्दछ र यिनीहरूका बिचको शक्ति असन्तुलनको पनि परीक्षण गर्दछ (पग र जोन्सन, सन् २०१४, पृ. २४६) । साहित्यका पाठमा प्रयोग हुने असन्तुलनको विश्लेषण गरी साहित्यका पाठहरूको सामाजिक असन्तुलन पत्ता लगाउने काममा यो सिद्धान्त उपयोगी रहेको छ । गिलोई (सन् २००७ पृ. २६७) का अनुसार साहित्यमा मानिस र प्रकृतिको सम्बन्ध तथा राजनीतिक र सांस्कृतिक सम्बन्धको व्याख्यामा यस सिद्धान्तलाई उपयोग गरिन्छ । वास्तवमा परम्परागत र वर्तमान साहित्यमा यो कल्पना, विम्ब र प्रतीक, ज्ञान, उखान टुक्का, लोकोक्तिका अन्य रूपहरूमा प्रकट हुन्छ । जातीय चेतनाको विश्लेषणमा यी विषय आधारका रूपमा आउँछन् भने पहिचान र प्रतिनिधित्व, जातीय एकता र सम्मिलन, दमन र शोषण जस्ता पक्ष यसका विषयगत सन्दर्भका रूपमा आउँछन् । वास्तवमा यसमा जातीय राजनीति (विचारधारा), जातीय काव्यशास्त्र, जनजातिका चरित्र, भाषा जस्ता पक्ष र जातिको इतिहासको पक्षलाई पनि विश्लेषणको आधार बनाउने गरिएको छ (टाइसन, सन् २००६, पृ. ३९४-३९५) । समाजको बहुसांस्कृतिक पक्षलाई बोध गर्ने , साहित्यमा त्यसको प्रतिविम्बन खोज्दै जात जातिबिचको सम्बन्ध, मिलन र द्वन्द्व तथा एकता र सम्मिलनको व्याख्या गर्ने, बहुसांस्कृतिक सन्दर्भमा आधारित भएर कुनै जाति विशेषको नभई सबै जातिको स्वत्वलाई स्वीकार गर्ने, औपनिवेशिक शोषणको पहिचान गरी त्यसको प्रतिरोधको पक्षलाई समेत चित्रण गर्ने काम हुने हुँदा साहित्यिक पाठ विश्लेषणको नयाँ मान्यताका रूपमा जातीय सांस्कृतिक संचेतना आएको छ ।

कृतिमा जातीय भावनाका विषयले ठाउँ पाएर तिनका विषयमा सम्बन्धित भावना, जीवनशैली, परम्पराले स्थान पाउनु जातीय सांस्कृतिक चेतना हो । संस्कृति अध्ययनले माथिल्लो र तल्लो संस्कृतिको विभेद मान्दैन । सीमान्तीकृत र समाजको तल्लो वर्गका मानिसहरूका चलन र जीवन अनि मान्यतालाई यसले प्रतिष्ठा दिन्छ (सुवेदी, २०६८, पृ. १३६) । आजभोलि दबिएका, पिछडिएका, अल्पसङ्ख्यक, निम्नवर्गीय, शोषित, पीडित र विपन्न सीमान्तीय जनजातीय संस्कृतिले सिर्जनामा स्थान पाउन थालेका छन् । यसरी विभिन्न जातजातिका विषयमा वर्णित संस्कृतिमा आधारित भएर गरिने समालोचनालाई जातीय सांस्कृतिक समालोचना भनिन्छ । यस्तो समालोचनामा कृतिभित्र रहेका तथ्यका आधारमा सांस्कृतिक पक्षको विश्लेषण गरिन्छ । कृति वा पाठमा रहेका सांस्कृतिक पक्षको उद्घाटन, सांस्कृतिक कोणबाट कृतिलाई हेर्नुपर्छ भन्ने मान्यता, कृतिमा अन्तरसांस्कृतिक प्रभावको अवलोकन, सांस्कृतिक रूपान्तरण,

स्वसंस्कृतिको रक्षा, इतिहासबोधका सापेक्षमा कृतिको विश्लेषण सांस्कृतिक पर्याधार हुन् (गौतम, २०६७, पृ. ३९०)। यसका साथै विद्यमान सामाजिक र राजनीतिक व्यवस्था, कानून, जीवनका विभिन्न कर्महरू आदिकै अभित्र अंगका रूपमा साहित्यिक पाठले गर्ने कार्य सांस्कृतिक अध्ययनको विषय हो। संस्कृति व्यक्ति पहिचानको निर्माण गर्छ भने व्यक्ति पहिचानबाट पुनः संस्कृतिको निर्माण हुन्छ। व्यक्ति र संस्कृतिको दोहोरो यही सम्बन्धको खोजी कृतिमा गरिन्छ। मानव जीवनका यावत् पक्षसँग सम्बन्धित भएको हुनाले यसको क्षेत्र व्यापक छ। जीवनका हरेक व्यवहारमा जस्तै साहित्यमा पनि सांस्कृतिक चित्रणको अध्ययन औचित्यपूर्ण विषय हो।

## विशाल नेपाल काव्यको संरचना तथा विषयगत सन्दर्भ

वासुदेव त्रिपाठीको *सृजनकुञ्ज* काव्य सङ्ग्रहको २८४ देखि २९९ सम्मका १६ पृष्ठमा फैलिएको विशाल नेपाल काव्य चार पाउको एक श्लोक भएको जम्मा १२१ श्लोकमा संरचित छ। यो काव्य वर्णमात्रिक छन्दमा रचिएको छ। यसमा एघार एघार अक्षरका पाउ हुने इन्द्रवज्रा (ततजगुगु गण) र उपेन्द्रवज्रा (जतजगुगु गण) को उपजाति छन्दलाई प्रयोगमा ल्याइएको छ। शव्दालङ्कार र अर्थालङ्कारको सहज योजनाले काव्यलाई सुन्दर बनाएको छ। काव्यमा अन्त्यानुप्रासको पूर्ण रूपमा पालना गरिएको छ। *विशाल नेपाल* काव्यको विषयवस्तुको मूल मर्म नेपाली जातिको जागृति चेतना नै हो। राष्ट्रिय जातीय जागृति चैतन्य नै यस काव्यको केन्द्रीय कथ्य हो। नेपाल राष्ट्र र नेपाली जातिले निर्माण गरेको सिङ्गो नेपालको महाकथामा यो काव्य उनिएको छ। विशाल नेपालको निर्माणमा लागेको सिङ्गो नेपाली जातिको महागाथालाई यस काव्यमा त्रिपाठीले कविवक्तृप्रौढोक्तिबाट प्रस्तुत गरेका छन्। यस खण्डकाव्यमा हुनुपर्ने जति आख्यानात्मक बुनोट नभए पनि कथानक र घटनाक्रमका केही झल्काहरू प्रस्तुत भएका छन्। "प्रस्तुत सृजनकुञ्जमा संगालिएका लघुकाव्य र काव्यचाहिँ स्थूल आख्यानको न्यून प्रयोग र अन्तर्कथाको सूक्ष्मातिसूक्ष्म उपयोगका आधारमा नै प्रायः संरचित छन्" (त्रिपाठी, २०६७, भूमिका पृष्ठ)। काव्यमा नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, जातीय तथा प्राकृतिक सौन्दर्यप्रतिका विशालताका भावना प्रस्तुत भएका छन्।

उत्तरतर्फ हिमालका अग्ला रेखाहरू रहेको यो देशका पुर्खाहरू पश्चिमका पहाडदेखि उठेर बिस्तारै पूर्वतर्फ फैलिँदै अगाडि बढेका हुन्। सेता शिखरहरू अनि गण्डकीको सुमधुर गीतले शोभायमान यस भूमिमा कालीगण्डकीले भित्रभित्रै शालीग्राम कुँद्दै पुर्खाको ज्योति चिनाइरहेकी छन्। सेती, काली, चेपे, मादी, मर्स्याङ्दी जस्ता पवित्र नदीको गीत सुनेर नै ती पुर्खाहरू जीवनलाई गतिशील बनाउन लागेका थिए। दरौँदीको रणगीत अनि बुढीगण्डकीको सुसाहटले नै हाम्रा पुर्खाहरूमा जीवन सङ्घर्षको चेतना जागेको हो। त्रिशूलीको ज्वारभाटा र गोसाइँकुण्डको शितिकण्ठको छायाले नेपालका पहाडहरू दायाँ हुन पुगेका हुन्। हिमालले थुपारेर राखेको इज्जत र गण्डकीको ज्वारभाटाको आवाजले गर्दा नै हाम्रा पुर्खाहरूको हृदयमा गोर्खा राज्य उदाएको हो। पश्चिमका पहाडबाट अगाडि बढ्दै आएको गोर्खाली पुर्खाले काली र रिडीको दोभानमा हृषीकेशको साधना गर्दै बैघा, लसर्गा र गिरिकोट जस्ता स्थानहरूबाट विजयको मिर्मिरे किरणरेखा कोर्न थालेका हुन्। त्यसपछि खिलुङ देउराली, भिर्कोट, गहौँ, सतौँ रजस्थल जस्ता खाँण ठकुरी राज्यहरूलाई समेट्दै आँधीखोलाको सम्झना लिएर कालीगण्डकी सम्म मिसिन आएका हुन्। त्यहाँका खाण, खड्का र मगराँतलाई सिङ्गो राज्य निर्माण नयाँ जीवनको सिर्जना हो भन्ने लाग्यो। यी जातिले बनाएका सामाजिक संरचना र तिनका प्रतिभा मिलाएर नै यो गण्डक क्षेत्रको अमोघ धर्तीरस बन्न पुगेको हो। केही पूर्वतर्फ रहेको ढोर राज्य र नुवाकोटको उदयले आठ थरीका ठकुराई राज्यहरूको निर्माण भई गण्डकीको राज्यकला बन्न पुगेको थियो। यसै बिचमा पश्चिमतिरको सिंजा, डोटी र पाल्पा जस्ता ठुला राज्यहरू पनि विशाल नेपालमा गाभिन पुगे। ती खाण, खड्का र मगरात राज्यहरू पहिला पटक पटक बाँडिए पनि पछि विशालताको परिकल्पनाले रोकिन पुग्यो। सके नयाँ बनाउनु पर्छ, भएको राज्यको अंशबन्डा हुँदैन भन्ने प्रेरणाले नै यो अखण्ड हुन पुग्यो। देश सिङ्गो ढुङ्गो हो, यो नबाँडिने वस्तु हो भन्ने आस्था सबै जातजातिमा पलाउँदै आयो। देउता पूजेको ढुङ्गो झैँ मूर्तिसमान देशसम्झेर विशालताको बोध लिई सम्पूर्ण जातिहरू

अगाडि पूर्वतिर बढ्दै गए। विशाल पाल्पालाई पनि जितेर पुर्खाहरू एकताको प्रणय यात्रामा अगाडि बढ्दै जाँदा कास्की, लमजुङ र गोर्खा जोडे। खाण, खड्का र शाही हुँदै अगाडि बढेको शाह जाति वास्तवमा एउटै वीर जातिमा एकीकृत भयो। तीसँगै बाहुन, क्षेत्री, ठकुरी, कामी, दमाइँ, सार्की, कसाईँ, गाइने सबैले बनाएको एउटा ज्योति जस्तो बन्यो यो नेपाल। खसान (क्षेत्री बाहुन)ले मगर र गुरुङ जातिलाई पनि जोडेर अगाडि बढ्यो। गुरुङ र मगरसँगको मितेरी मात्रै होइन दुरा, घले, तामाङ, चेपाङ, कुसुन्डा, दराई, कुमाल, थारू, चुरौटेजस्ता जातिको सुन्दर बगालले गोर्खा वीर जाति बन्न पुगेको हो।

यही जातीय एकता र विशालताको पृष्ठभूमिमा पृथ्वीनारायण शाहको उदय भयो। उही सृष्टिको युगसूत्रलाई हाँक्ने काम उनले गरे। यस क्षेत्रमा एक शक्तिशाली राज्य गोर्खाको उदय भएपछि पहिल्यैदेखि सुसाउँदै आएको गण्डकीको आवाजलाई समेटेर यो अगाडि बढ्न थाल्यो। नुवाकोटलाई जितेर पूर्वतिरको विजय यात्रा अगाडि बढ्यो। त्यसपछि मकवानपुर जित्दै हिँडेको गोर्खालीको फौजले भारतका मुसलमान र अङ्ग्रेजहरूलाई पनि जितेपछि दशैदिशातिर यसको शक्ति र साहसको परिचय फैलिन पुग्यो। पहाडी राज्यहरू जित्दै गएको गोर्खाले कीर्तिपुर पनि जित्यो। नवराष्ट्रस्रष्टा पृथ्वीनारायणको दूरदृष्टिले यो नेपाललाई सबैको साझा फूलबारी बनाउन सफल भयो। यो नयाँ नेपालमा उपत्यकाका नेवारहरूको कला र सीपले अझ सुसज्जित हुने मौका पायो। अनि नेपाल बहुजातिको सिंगो बगैँचा हुन पुग्यो। यहाँका जातिमा रहेको विशालताको बोधले नै यो संभव हुन सकेको हो। गोर्खा नेपालको पर्याय भएर रहेको मूल कारण पनि यही हो। वास्तवमा गोर्खालीबाटै नेपाली जातीको निर्माण भएको हो। इज्जत र कलाको बगैँचा बन्दै आएको यो पहिलेदेखिकै गौरवभूमि हो। यो जातीयताको बहुकुञ्ज नेपाल नेवार जातिको विशालताले अझ सुन्दर रूपमा फैलिन सकेको हो। काठमाडौँ, पाटन र भक्तपुर जस्ता सभ्यताका बहुपत्र भएका राज्यले यस देशलाई अझ विशाल हृदयको गुञ्जन बनाए।

नेपालका सम्पूर्ण भूभागहरू जोडेपछि पृथ्वीनारायणका भाइले नै यस राष्ट्रलाई बाँड्न चाहे तर पृथ्वीको अडानले यसको विशालतामा आँच आउन सकेन। बरू मेची तरेर अझ पूर्वतिर टिस्टासम्म पुगी रणको खाँडो पखाल्न पुगे। यसपछिको विजयाभियान चाहिँ चेपेबाट पश्चिमतिर जान खोज्दा चौबीसे शक्तिले बाटो छेके। यही समयमा पृथ्वीको अल्पायुमा निधन भएपछि यस अभियानको जिम्मेवारी पछिल्ला पुस्तामा सऱ्यो। रणबहादुर शाह र राजेन्द्रलक्ष्मीको बहादुरीले यो कार्य सम्पन्न भयो। पृथ्वीनारायण शाहको विशालताको सपना चन्द्रसूर्य झन्डामा बाँचिरह्यो। एउटा व्यक्तिको एकता र विशालताको सपना पछिकामा पनि बाँडिन पुग्यो र राज्यविस्तारको काम निरन्तर भयो। नेपालका हिमाल, पहाड र विशाल तराईमा पृथ्वीको हृदयको कण सुरक्षित छ। उनैका सपनाले यो साकार भएको हो। बाह्र ठकुराइले महाकाली हुँदै बढेर कुमाउँ, गढवालसम्म जिते। यो विजयाभियान हिमालदेखि गंगासम्म अनि पूर्वमा शतद्रु नदी र पश्चिममा काँगडाको पहाडसम्म बढ्यो र विशाल गोर्खा राज्य बन्न पुग्यो।

उत्तरको हिमाली भेग दिगर्चा जित्दै तिब्बतका भेगहरूलाई पनि समेट्दै यो वीर जातिले सिङ्गो हिमाललाई पनि हाँक्न सफल भएको हो। हिमालपारिको दिगर्चा र गंगाभन्दा उत्तरतर्फको विशाल नेपाल सबै प्यारो छ। शतद्रु र टिस्टासम्मको यसको स्मृति प्यारो छ। तिब्बतसँग बेत्रावती नदी किनारमा परेको लडाइँ अनि सन्धि युगौँदेखिका साक्षी रहेका छन्। पश्चिममा काश्मिरसम्म बिस्तार गर्ने योजना यही जातिले बनाएको थियो। त्यसैगरी पञ्जावमा शिखसँगको लडाइँ र सन्धिले पनि यो जातिको वीरतालाई चिनाएको छ। भारतमा बढेको अङ्ग्रेजको प्रभावले नेपालसँग पनि टक्कर लिन खोजिरहेको थियो। भारत कमजोर भएर अङ्ग्रेजले जित्यो। त्यसैगरी अङ्ग्रेज र फ्रान्सको पनि द्वन्द्व भयो। शिख र रजपुत तटस्थ रहन पुगे। मराठीहरू पनि लामो समय युद्धमा रहे। दक्षिणतिर बढ्दै गएको बेलायती शक्ति अनि उत्तरतिरको महाचीनका बिचमा उदाएको यस नेपालको वीरता परिचित भयो। सात समुद्रदेखि आएको अङ्ग्रेज सत्ताले पनि नेपाललाई केही गर्न सकेन। अङ्ग्रेजहरूले तिब्बतको मार्गबाट चीनसँग व्यापार गर्न खोजे। त्यसले गर्दा नेपाललाई

अझ कष्ट भयो। तर गोर्खालीले आफ्नो ठाउँ छोड्न चाहेनन्। युद्धको घोषणा नै नगरी पनि लडाइँ भयो तर अङ्ग्रेजहरूले नै खप्की बेहोर्नु पऱ्यो। देहरादून नालापानीको युद्धमा पानी नखाई नेपालीहरू लडे। आफ्नो बहादुरी देखाए। अङ्ग्रेजसँगको विशाल लडाइँमा नेपाली जाति हारेन तर सन्धिको दबाबले गर्दा यसले केही भूमि गुमाउनु पऱ्यो। पुर्खाको बलिदानको धाराले सिंचिएको यो भूमिको केही भूभाग पूर्व र पश्चिमबाट बाध्यतवश खोसियो। नेपाली जातिले सधैँ छाती फर्काए निडरतापूर्वक लडे, कोही आफ्नो कर्तव्य छोड्न तयार थिएनन्। खुकुरी, खुँडा, तरबार, ढुङ्गा आदिकै बलमा उनीहरूले तोप बन्दुक लिएकाहरूसँग लडे। भोकै अन्न पानी नखाएरै लडे, ध्वस्त भएका किल्लाहरूलाई धानेर पनि लडे। वीरङ्गना नारीहरू पनि लडे। यही लडाइँले नेपाली जातिले संसारभर प्रसिद्धि पाएको छ। विभिन्न गाउँ गाउँमा तिनका वीर गाथा गाइए। संसार जित्दै आएको अङ्ग्रेजलाई पनि जिते। वीरत्वकै कारणले नयाँ बनेको यो देशमा नयाँ ज्योतिले उचाल्न भने केही बाँकी रहेको छ। संसार जितेको अङ्ग्रेजसँग लड्दालड्दै सन्धि गर्नु पर्दा नेपाली जाति पखेटा काटिएको चरोझैँ रन्थनियो। आत्मघाती निर्णयले गर्दा कतिपय वीरहरू अपमानित भएको पनि महसुस गरे। युगौँसम्म रहने करुणाले भिजेको बलिदानको गाथा हो यो। यस्ता वीर जाति लाहुरमा पुगेर काम गरे। कोही अङ्ग्रेजका फौजमा पनि पुगे। यी घटनाले मनभित्र दुःखको काँढा उमार्छ। नेपालभित्र अनेक कूटनीतिक चालबाजी र घातप्रतिघात भए। विश्वमा अनेक लडाइँ भए तर नेपाल आफ्नै बहादुरीले जोगियो। लखनौ पुगेर सघाएका कारण नेपालले नयाँ मुलुक भनी केही भाग पनि पायो।

आफ्नो स्वन्त्राभियानमा भारत पहिलो भयो। तर अङ्ग्रेज साम्राज्यको जगेर्नाका लागि नेपाली सेनालाई पठाइयो। ठूलो शक्ति भएर पनि भारत पराधीन भयो तर नेपाल सधैँ स्वतन्त्र रही रह्यो। यो राजनीति र कूटनीति जानी नसक्नु छ। नेपाललाई जोगाएका वीर पुर्खा सधैँ स्तुत्य छन्। हेर्दा त विश्वको नक्सामा नेपाल शिरबिन्दु जस्तो सानै देखिन्छ तर वास्तवमै यो राष्ट्र विशाल छ। यसमा अनेक जातिका विशाल भावना रहेका छन्। स्रष्टा र सृष्टिको यो निरन्तरतामा पुर्खाले बनाएको नेपाल अर्थात् विश्वको छानो साँच्चै विशाल छ।

**काव्यमा प्रयुक्त जातीय सांस्कृतिक चेतना**

विशाल नेपाल काव्य नेपाल राष्ट्रको विस्तार र यसलाई एउटा निश्चित भूगोलभित्र आवद्ध गरेका नेपाली पुर्खाहरूको बयानको गाथा हो। यसमा नेपालको ऐतिहासिक सन्दर्भ सहित विश्वसन्दर्भका विषयहरू पनि अटाएका छन्। नेपालका विभिन्न जातजातिमा उब्जिएको सामूहिक एकताको भावना र राष्ट्रिय एकताको भावनलाई यस काव्यले संबोधन गरेको छ। नेपाल बहुजातीय र बहुसांस्कृतिक मुलुक भएका कुरा यस काव्यमा वर्णित विभिन्न जातजातिका प्रसङ्गले पुष्टि गर्दछ। शाहवंशीय राजा पृथ्वीनारायण शाहले एकताको सूत्रमा बाँधेको भनेर मान्यता दिँदै आएको नेपालको राजनीतिक इतिहासका पृष्ठमा यस काव्यले थप तथ्यहरू प्रस्तुत गरेको छ। नेपालको एकताका लागि सर्वप्रथम जातीय एकताको मूल चेतना फैलिएको र त्यसैको जगमा नेपाल विश्वका अन्य मुलुकका अगाडि सँधै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न वीरहरूको ऐतिहासिक भूमिका रूपमा चिनिँदै आएको तथ्यलाई यस काव्यले जोड दिएको छ।

**इतिहासबोध र जातीय सांस्कृतिकता**

इतिहास अतीतका सत्य तथ्यहरूको नालीबेली हो। काव्यका लागि आख्यानसूत्रको प्रयोग इतिहासमा घटेको कुनै घटनाबाट लिइएको छ भने त्यस्तो काव्य ऐतिहासिक हुन्छ। विशाल नेपाल काव्यको मूल विषय नेपालको इतिहास र त्यसको निर्माणमा नेपाली जातिले गरेको योगदान नै हो। त्यसैले विशाल नेपाल काव्य इतिहासबोध र जातीय सांस्कृतिक अभिव्यक्तिका दृष्टिले सम्पन्न छ। यो ऐतिहासिक विषयवस्तुमा रचिएको काव्य हो। त्यसबेलाको देश, काल र परिस्थितिलाई यस काव्यले समेटेको छ। ऐतिहासिक परिप्रेक्ष्यमा नेपालका विभिन्न जातिमा उत्पन्न एकताको भावनालाई यसले समेटेको छ। नेपाल एकीकरणअभियान कालका बढ्दो साम्राज्यविस्तारवादी अङ्ग्रेज शक्तिका

अगाडि स्वअस्तित्व कायम राख्न अगाडि बढेका नेपाली जातिको भावनालाई यसले नेपालको राजनीतिक इतिहासका तथ्यहरू सहित प्रस्तुत गरेको छ । हिमालका अटल सौन्दर्य र यहाँका नदीहरूको गुञ्जनबाट प्रेरित भएर नेपाली जाति आफ्नो जातीय एकताका लागि अघि बढ्न थालेको देखिन्छ । पहाडी खण्डमा बसोबास गरेका बाहुन, क्षेत्री, ठकुरी, मगर, गुरुङ, कामी, दमाई, सार्की, दुरा घले, तामाङ, चेपाङ आदि जातिहरूबाट सुरु भएको जातीय एकताको माला पृथ्वीनारायणको उदयपछि राजनीतिक रूपमा अझ मजबुत हुँदै अगाडि बढेको र नेपाल बाइसे चौबीसी राज्यलाई एकीकृत गर्न पृथ्वीनारायणको शेषपछि पनि अनुज पुस्ता रणबहादुर शाह र राजेन्द्रलक्ष्मी लागेको ऐतिहासिक सन्दर्भलाई यसले समेटेको छ । नालापानीको युद्धमा नेपालीले देखाएको साहस, सुगौली सन्धिमा नेपाली वीरहरूले भोग्नु परेको निराशा, नेपालीले धेरै भूभाग गुमाउनु परेको पीडा, भारतीय अङ्ग्रेजका सेनामा नेपाली वीरको संलग्नता, तराईका नयाँ भूभागको पुनः प्राप्ति आदि जस्ता विषयले यस काव्यलाई इतिहासकै सेरोफेरोमा बाँधेको छ । इतिहासका यी तथ्यहरूसँग जोडिएको नेपालका विभिन्न जातजातिको योगदानलाई समेट्दै काव्य अगाडि बढेको छ । नेपालका पुर्खाको हृदयमा भएको ज्योतिले यो देश सिङ्गो राष्ट्र हुन सफल भएको कुरालाई कविले यसरी प्रकट गरेका छन्-

काली र सेती दिलमा गुँजेथे
पुर्खाहरूले लय त्यो सुनेथे
मादी र चेपे मरस्याङ्दीको
त्यो गीत पुर्खा जनले सुनेको (पृ. २८४) ।

नेपाल अङ्ग्रेज युद्धको भीषणता र सुगौली सन्धि गर्न परेको बाध्यतालाई कविले यसरी प्रस्तुत गरेका छन्-

त्यो नेपालको भीषण आङ्लयुद्ध
त्यो विश्व साम्राज्य र कूटयुद्ध
खतीसँगै सन्धि दबाब आयो
यो पार्वतीको गढ डग्मगायो (पृ. २९४) ।

पेलेर अङ्ग्रेज बढ्यो अगाडि
भो बाध्यता गर्न सकार सन्धि
नेपालले हट्नु पर्‍यो पछाडि
अस्तित्वको खातिर त्राण सन्धि (पृ. २९४) ।

सुगौलिँदाका कति तीव्र पीडा
काटी पखेट खग ज्यूनु पीडा
वीरत्वधारा म कहाँ छरूँ यो
क्रीडास्थली खै कति साँगुरो भो (पृ. २९६) ।

नालापानीमा के महिला के पुरुष सम्पूर्णले आफ्नो वीरता देखाएका थिए । नेपालको स्वाधीनताका लागि नेपाली जातिले देखाएको त्यो वीरतालाई कविले काव्यमा समेटेका छन्-

भोकै लडेथे बिनु अन्न पानी
सर्वाङ्गले विक्षत दुर्ग धानी
छन् वीरगाथा चिर सम्झना छन्

वीराङ्गनाका कति सम्झना छन् (पृ. २९५)।

नेपाल बहुजातिको घर हो। यहाँका नेवार जातिको सम्पत्रताले नेपाललाई अझ विशाल बनाएको छ। यस जातिको सांस्कृतिक वैभव र कलाले यो अझ धनी बन्न पुगेको छ। यसभित्रका अनेक थरी मानिसका संस्कार र चालचलनबाट नेपाल अझ समृद्ध हुन सकेको छ। यस भावलाई कविले यसरी प्रस्तुत गरेका छन्।

जातीयताको बहुकुञ्ज आफैं
नेवार जातित्व विशाल आफैं
नेपाल फैल्यो नवज्वार पाई
विशाल पृथ्वी दिलमा उदाई (पृ. २८९)।

नेपालको एकीकरण अभियानमा लागेका बाहुन, क्षेत्री, ठकुरी, कामी, दमाई, सार्की, कसाई, गाइने, मगर, गुरूङ, तमाङ, दुरा, घले, चेपाङ, कुसुन्डा, दराई, कुमाल, चुरौटे, थारू आदि जनजातिको बगालै लागिपरेको तथ्य यस काव्यमा यसरी प्रस्तुत भएको छ :

बाजे र क्षत्री ठकुरी जुटे ती
कामी दमाई पनि जोडिए ती
सार्की कसाई अनि गाइने ती
सम्पूर्णले सिर्जित एक ज्योति (पृ. २८७)।

**राष्ट्रबोध र जातीय संस्कृतिको सन्दर्भ**

राष्ट्रबोध भनेको आफ्नो राष्ट्र र जातिप्रति सम्मानको भावना हुनु हो। राष्ट्रबोधको भावनामा स्वराष्ट्रको एकता, अखण्डता, प्रकृति, जाति, संस्कृति र राष्ट्रप्रतिको अगाध स्नेह समेटिएको हुन्छ। राष्ट्रबोधी चेतनाले कविलाई राष्ट्रप्रति बढी संवेदनशील बनाउँछ। कवितामा राष्ट्र, राष्ट्रिय ध्येय, चिन्तन वा राष्ट्रिय चेतना सार्विक र शाश्वत मूल्यका रूपमा आएको हुन्छ। यो स्थान, काल र परिवेशको सीमाबाट माथि हुन्छ तापनि कुनै वैश्विक, राजनीतिक, सामाजिक, आर्थिक, सामरिक, राष्ट्रिय आदि विभिन्न परिघटनाहरूले कविलाई राष्ट्रप्रति संवेदनशील बनाउँछन् (गौतम, २०६९, पृ. ११)। विशाल नेपाल काव्यमा राष्ट्रबोधको भावना जताततै उर्लिएको छ। नेपाल राष्ट्रको एकीकरणका लागि नेपाली जातिले देखाएको त्याग, समर्पण र वीरताको गान मात्रै होइन ती जातिका राष्ट्रिय अखण्डताको स्वरलाई पनि काव्यले प्रस्तुत गरेको छ। कविले नेपालका हिमाल अनि नदीका प्रेरणाबाटै नेपाली जाति आफ्नो राष्ट्रका लागि त्यसो गर्न प्रेरित भएको राष्ट्रबोधको सन्दर्भ यसरी प्रस्तुत गरेका छन् -

हिमालको सञ्चित शानझैँ यो
झङ्कारझैँ गण्डक ज्वारको यो
जुटे कि जम्मैसरि वीर पुर्खा
अहो उदयो दिलभित्र गोर्खा (पृ. २८४)।

नेपालको विपुल सौन्दर्यले नेपाली जातिलाई राष्ट्रिय एकतामा व्युझाँएको भन्ने कविको अभिव्यक्ति यस्तो छ -

हिमालको उत्तर उच्च रेखी
पुर्खा उठे पश्चिम शैलदेखि
क्या श्वेत शोभा छ चुलीचुलीको

छ गूँज गाना ध्वनि गण्डकीको (पृ. २८४)।

राष्ट्र अखण्ड र अविभाज्य हुन्छ। यो बाँडिने र भाग लाग्ने वस्तु होइन भन्ने कुरालाई नेपालका जातिले बुझेका हुनाले यसको एकीकरण संभव भएको थियो। आफ्नाहरूका बीचमा मेल भएर बसे मात्र विदेशी शत्रु परास्त गर्न सकिने एकताको शक्तिलाई नेपाली जातिले बुझेका थिए।

सके कमाऊ नव राज्य अर्को
बस्ती बसाऊ जित राज्य अर्को
न अंशबन्डा न त क्षेत्रबन्डा
जुगौँ रहोस् राज्य अहो अबन्डा (पृ. २८६)।

नेपालको विशालता टिस्टा र काँगडाभन्दा पनि परसम्म फैलिएको तथ्यले यहाँका जातिमा छाएको खुसीको प्रसङ्ग यहाँ छ -

पुगेर टिस्टा अनि काँगडामा
यो राष्ट्र नेपाल अहो विशाल
छ भिज्न बाँकी जनजिन्दगीमा
टिस्टा र उत्ताल शतद्रु छाल (पृ. २९२)

जातिमा उब्जिएको राष्ट्रबोधको भावन कसरी पुस्तान्तर हुँदै जान्छ र यसले निरन्तरता पाउँछ भन्ने कुरालाई कविले यस श्लोकबाट प्रस्तुत गरेका छन् -

व्यक्तित्व यौटा पछि उठ्छ अर्को
पुस्तैपिछे जुट्तछ पङ्क्ति अर्को
पृथ्वी सबै हृत्कणमा यहीँ छौ
कि चन्द्रसूर्य-ध्वजमा यहीँ छौ (पृ. २९०)।

यस श्लोकले पृथ्वीनारायणको विशाल नेपालको भावना उनी पछिका पुस्ताले पनि जोगाउँदै आएको तथ्य बोलेको छ। पृथ्वीको भावनालाई यो देशको माटो र चन्द्र सूर्य अङ्कित झन्डाले समेत बोकेको छ। त्यसैगरी कविभिन्न रहेको राष्ट्रबोधको भावना पृथ्वीनाराणको बिम्बमार्फत् यसरी प्रस्तुत भएको छ -

हिमालमा छौ र पहाडमा छौ
विशाल हे व्याप्त तराइमा छौ
हिमाल-गङ्गाजलमा यहाँ छौ
नेपालमा ज्वार जहाँतहाँ छौ (पृ. २९०)।

**वर्तमानबोध र जातीय सांस्कृतिक सन्दर्भ**

वर्तमानबोध आफू बाँचेको समय र त्यसको आवाजप्रतिको सचेतता हो। कवि वासुदेव त्रिपाठीले विशाल नेपाल काव्यमा वर्तमान नेपालको स्थिति र मागलाई पनि संबोधन गरेका छन्। नेपालमा २०६२/६३मा भएको दोस्रो जनआन्दोलनको महत् उपलब्धि भनेकै नेपालभित्र रहेका सम्पूर्ण जातजातिको संबोधन हुनु हो। स्थानीय मूल्यलाई पनि महत्त्व दिनु हो। विशाल नेपाल काव्यमा नेपालका सबैजसो जातजातिको बलिदानको प्रसङ्ग समेटिएको छ। यहाँ सबै जातिले देखाएको सद्भावले नै नेपाल एकीकरण अभियान सफल हुन सकेको सत्यलाई कविले अत्यन्त संवेदनशील

भएर प्रस्तुत गरेका छन् । खस जातिसँग एउटै समाजमा एकताको मेलमा उभिएका मगर, गुरूङ, तमाङ तथा सम्पूर्ण दलित जातिहरूले पनि आफ्नो पक्षबाट एकताको भावनामा बल पुऱ्याएको सन्दर्भ छ -

बाजे र क्षत्री ठकुरी जुटे ती
कामी दमाई पनि जोडिए ती
सार्की कसाई अनि गाइने ती
सम्पूर्णले सिर्जित एक ज्योति
खसान आफैँ प्रिय सम्झना त्यो
जडान जोडी अझ जो घना भो
रची मितेरी मगरात ज्वार
अर्को जुट्यो मोह गुरुङगज्वार
दुरा घले तामङ तारतम्य
चेपाङ कुसुन्डा वनजातिसम्म
त्यही दराई र त्यही कुमाल
थारू चुरौटे जनको बगाल (पृ. २८७)।

त्यसैगरी कविले नेपालका विभिन्न स्थानीय भूभागलाई पनि उत्तिकै महत्त्वका साथ प्रस्तुत गरेका छन्। नेपाल एकीकरणका समयमा महत्त्वपूर्ण योगदान पुऱ्याएका स्थानहरू र तिनको प्राकृतिक, भौगोलिक र सांस्कृतिक वैभवलाई प्रस्तुत गरेका छन् । यस काव्यमा गोसाइँकुण्ड, काली, रिडी, हृषीकेश, लसर्घा, भिर्कोट, सतौँ रजस्थल, गरौँ, आँधीखोला जस्ता स्थानीय तथा धार्मिक सांस्कृतिक दृष्टिले प्रसिद्ध स्थलको उल्लेख गरेका छन् -

काली र रिडी सङ्गम सम्झनामा
स्वयम् हृषीकेश कि साधनामा
वैघा लसर्घा गिरिकोटदेखि
त्यो मिर्मिरे प्राक्तन रश्मिरेखी (पृ. २८५)।

**जातीय सांस्कृतिक सद्भाव र सम्पन्नताको प्रस्तुति**

नेपाल विभिन्न जातजातिको बसोबासको थलो हो । बहुजातीय यस मुलुकमा ती जातिका सांस्कृतिक वैभव पनि उत्तिकै मात्रामा छन्। नेपालका विभिन्न जातजातिको विविधतामय अवस्थालाई देखाउनु जातीय संस्कृतिक वैभव र सम्पत्रताको प्रस्तुति हो । नेपालमा रहेका विभिन्न जातजाति बिचको सांस्कृतिक सद्भाव र सहिष्णुताको पनि लामो परम्परा रहेको छ। सांस्कृतिक जागरण, उत्पीडनको विरोध र अधिकार प्राप्तिका आवाजहरू निसन्देह बलशाली भएका छन् तर तिनले अहिलेसम्म जातीय सद्भाव र सहिष्णुताको सूत्रलाई चुँडालेका छैनन् । नेपाली समाजको आन्तरिक एकताको एउटा आधार नेपाली समाजमा लामो समयदेखि रहँदै आएको सांस्कृतिक सद्भाव र सहिष्णुता पनि हो। यस काव्यमा कविले नेपाल एकीकरणका समयमा ती जातिका बिचमा रहेको जातीय सद्भावलाई देखाउँदै तिनको एकताले गर्दा नै विशाल नेपाल बन्न सम्भव भएको तथ्य यसरी प्रस्तुत गरेका छन् -

खसान आफैँ प्रिय सम्झना त्यो
जडान जोडी अझ जो घना भो
रची मितेरी मगरात ज्वार
अर्को जुट्यो मोह गुरुङगज्वार

दुरा घले तामङ तारतम्य
चेपाङ कुसुन्डा वनजातिसम्म
त्यही दराई र त्यही कुमाल
थारू चुरौटे जनको बगाल (पृ. २८७)।

विभिन्न जातिका बिचमा नेपाल एउटै र अखन्ड हुनुमा ठुलो महत्त्वको भएर रहिरह्यो । यो अखन्डता पुर्खाहरूबाट पलाएको थियो भन्ने कुरा कविले यसरी प्रस्तुत गरेका छन्-

त्यै खाण खड्गा मगरात पीर
पुर्खाहरूको स्मृतिज्वार नीर
न भाइबन्डा अब राज्य फेरि
अभाज्य यो राज्य नबाँड फेरि (पृ. २८५-२८६)।

नेपाल विविध जातजातिको वैभवले सम्पत्र मुलुक हो । यहाँ रहेका जातिका अनेक सामाजिक मान्यता र संस्कृति यसका उदाहरण हुन्। यसको अभिव्यक्ति कविले यसरी दिएका छन् -

यो सभ्यताको कति पत्र आफै
परम्पराको कति पृष्ठ आफै
नवीनको गुञ्जन आज गुन्ज्यो
विशाल हृत्स्पन्दन आज व्यूँझ्यो (पृ. २८९)।

नेपाली जातिका सीप र कलाले पनि नेपाललाई अझ सुन्दर बनाएको सन्दर्भ कविले काठमाडौँका नेवार जातिले समृद्ध पारेको सहर र कलाको सम्झनाबाट यसरी गरेका छन् -

नवीन नेपाल यहाँ उदायो
नेवारको सीप अहो सुहायो
अहो खडा भो अब देशढुङ्गो
यौटा बगैँचा बहुजाति थुङ्गो (पृ. २८८)।

कविले जातीयतासँग उनीहरूको सिप र गुणको पनि सन्दर्भ कवितामा जोडेका छन् । नेवार जातिले समृद्ध पारेको कला र सांस्कृतिक वैभवप्रति कविले गौरव गरेका छन्।

**जातीय सांस्कृतिक चेतना र स्थानबिम्बको प्रयोग**

कुनै पनि जातिको परिचयसँग उसको समाज र भूगोल पनि जोडिएको हुन्छ । नेपालका हिमाल, पहाड र तराईमा थरिथरि जातिको अस्तित्व रहेको छ । कुनै पनि जातिसँग अन्योन्याश्रित भएर आउने महत्त्वपूर्ण पक्ष ऊ बाँचेको स्थान हो । आज नयाँ नेपालको भूगोलमा स्थापित हुन आएका मगरात, खम्बुवान, लिम्बुवान, नेवाः, तामसालिङ जस्ता क्षेत्रका नामहरू निश्चित जातका स्थानबिम्ब नै हुन् । *विशाल नेपाल* काव्यमा पनि कवि त्रिपाठीले नेपालका विभिन्न स्थानको उल्लेख गरी जातीय संस्कृतिलाई सङ्केत गरेका छन्।

हिन्दू धर्मसंग जोडिएका देवता र तिनको पवित्र भूमि मानिएको काली, रिडी अनि हृषिकेश अनि वैघा, लसर्घा र गिरिकोटका स्थानीय मगर जातिको सङ्केत यस श्लोकले गरेको छ -

काली रिडी सङ्गम सम्झनामा

स्वयम् हृषीकेश कि साधनामा
वैघा लसर्घा गिरिकोटदेखि
त्यो मिर्मिरे प्राक्तन रश्मिरेखी (पृ. २८५)।

खिलिङ्, भिर्कोट, सतौँ, गरौँ जस्ता क्षेत्रमा बसोबास गरेका खाण र ठकुरी वंशीको संकेत कविले यसरी गरेका छन् -

खिलिङ्कोट भिर्कोट सतौँ गरौँको
रस्ती र बस्ती रचना जुगौँको
खडा त्यहाँ राज्य रजस्थली क्यै
छन् डोब बाँकी ठकुराइका क्यै (पृ. २८५)।

आँधीखोला र कालीका तीर वरिपरि बसोबास गर्ने जाति र तिनका सांस्कृतिक सन्दर्भको सङ्केत यस श्लोकले गरेको छ -

छ आँधीखोला रस सम्झनामा
मिलेर कालीसित सिर्जनामा
जुगौँ जहाँ जीवनगीत गुन्ज्यो
मीठो अहो क्या रस-राज्य घन्क्यो (पृ. २८५)।

*विशाल नेपाल* काव्यमा कविले नेपालको स्थानीय भूगोल र प्रकृतिलाई नेपाली जातिको विजय र वैभवको गाथासँग जोडेर प्रस्तुत गर्न सफल भएका छन्।

**निष्कर्ष**

वासुदेव त्रिपाठी नेपाली कविता काव्यमा विगत छ दशकदेखि साधनारत व्यक्तित्व हुन्। उनका कवितामा नेपाली जाति र नेपाल राष्ट्रप्रतिको प्रेम र समर्पणको अभिव्यक्ति पाइन्छ। विशाल नेपाल काव्यमा त्रिपाठीले नेपाल एकीकरण अभियानमा लागेको नेपाली जातिको वीरत्वको बिम्बलाई काव्यिक शिल्पमा प्रस्तुत गरी आफूमा रहेको नेपाल र नेपाली जातिप्रतिको अगाध स्नेह प्रस्तुत गरेका छन्। यस काव्यबाट कवि त्रिपाठीमा रहेको राष्ट्रको गरिमाबोध र त्यसप्रतिको समर्पणभाव प्रकट भएको छ। नेपालमा पहिलेदेखि अस्तित्वमा रहेका सम्पूर्ण जातजातिको एकताको भावना र यस देशको प्राकृतिक, भौगोलिक र सांस्कृतिक चेतनाले ती जातिमा उत्पन्न गरेको विशालबोधको भावनाले नेपाललाई एकसूत्रमा बाँध्न सकेको ऐतिहासिक तथ्य विशाल नेपाल काव्यमा प्रस्तुत गरिएको छ। जातीय सांस्कृतिक चेतनाका साथै राष्ट्रियता र देशभक्तिको भावनालाई यस काव्यले समेटेको छ। नेपालको जातीय संस्कृतिको वैभवलाई ऐतिहासिक सन्दर्भका साथ प्रस्तुत गरिएको यो काव्य नेपालको इतिहास र यहाँका जातजातिको गरिमा र गौरवलाई एकसाथ प्रस्तुत गरिएको सुन्दर कृति हो। यस काव्यका आधारमा वासुदेव त्रिपाठी राष्ट्रप्रेमको केन्द्रीयतामा जातीय सांस्कृतिक चेतनालाई एक सुन्दर काव्यमा प्रस्तुत गर्न सक्षम कवि हुन्।

**सन्दर्भ सामग्रीसूची**

गौतम, लक्ष्मणप्रसाद (२०६७). उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप. *भृकुटी*. उत्तरआधुनिकता विशेषाङ्क. पूर्णाङ्क ११, माघ-फागुन-चैत, पृ. ३८५–३९८।

गौतम, लक्ष्मणप्रसाद (२०६९). 'समकालीन नेपाली कवितामा राष्ट्रिय चेतना'. लूनकरणदास गंगादेवी चौधरी कला साहित्य मन्दिरद्वारा आयोजित साहित्य गोष्ठीमा प्रस्तुत कार्यपत्र।

त्रिपाठी, वासुदेव (२०६७). *सृजनकुञ्ज*. काठमाडौँ : प्रेमदत्त गोमा त्रिपाठी स्मृति प्रतिष्ठान।

सुवेदी, अभि (२०६८). सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास. *रत्न बृहत् नेपाली समालोचना*. (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). काठमाडौँ : रत्न पुस्तक भण्डार।

Dobie, A.B. (2012). *Theory into Practice : An Introduction to Literary Criticism*. Third edition. Wadsworth: Cengage Learning.

Gillooly, P. (2007). The crisis Race and Raciology. *The Cultural Studies Reader*. Third edition. (Ed. Simon During). London & New York: Routledge.

Kerr, K. (2006). Race, nation, and Ethnicity. *Literary Theory and Criticism*. (Ed. Patricia Waugh). Oxford: Oxford University Press.

Pugh, T. & Johnson, M.E. (2014). *Literary Studies: A Practical Guide*. London & New York: Routledge.

Scott, J. & Marshall, G. (2009). *Oxford Dictionary of Sociology*. Oxford: Oxford University Press.

Tyson, L. (2006) . *Critical theory today: A user friendly guide*. London & New York: Routledge.